**प्रस्तावः(मिति २०७६/०७/१९, मङ्गलबार, ६९ औं कार्यपालिका बैठक)**

१.नारायणपुर स्वास्थ्य चौकी स्तरोन्नति सम्वन्धमा

२. खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति एवं विपद व्यवस्थापन समितिगठन सम्वन्धमा

३. लागत सहभागिता सम्वन्धमा

४. बहुबर्षीय योजना सम्वन्धमा

५. म्याद थप सम्वन्धमा

६. बाध निर्माण सम्वन्धमा

७. सामाजिक सुरक्षा भत्ता दर्ता नविकरण छुट सम्वन्धमा

८. दर्ता प्रक्रिया सम्वन्धमा।

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकाअन्तर्गत हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई आवश्यकता र कार्यचापका आधारमा स्तरोन्नति गर्दै थप सुबिधा युक्त बनाउदै लगिने नीति अनुसार यस उपमहानगरपालिका को वडा नं. १०मा रहेको नारायण पुर स्वास्थ्य चौकीमा विरामीको कार्यचाप अत्याधिक रहेकोले स्थानीय आवश्यकता र कार्यचापलाई समेत दृष्टि गत गरि उक्त स्वास्थ्य चौकीमा मेडिकल अधिकृतको दरवन्दी रहने गरी शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा स्तरोन्नति गरी सेवा संचालन गर्ने ।

**निर्णय नं. २ः**

चालु आ.व. ०७६/०७७ को घोराही उपमहानगरपालिकाको नगर सभाले पारित गरेको वार्षिक कार्यक्रम अन्तर्गत वडा स्तरीय खाने पानी, सरसफाई तथा स्वच्छता समन्वय समिति एवं वडा स्तरीय विपद व्यवस्थापन समिति गठन सम्वन्धी कार्यक्रम प्रत्येक वडा मा वडा नं . १ देखि क्रमसः मिति २०७६/०७/२४ गते देखि २०७६/०८/१२ गते सम्म दिनको १:०० बजे संचालन गर्ने ।

**निर्णय नं. ३ः**

घोराही उपमहानगरपालिका वडा नं. २ चाक्ली घाटमा रहेको गौशाला व्यवस्थापना का लागि गाई गोठ (टहरो) निर्माण गर्नुपर्ने भएको र उक्त कार्य विशुद्ध नगरपालिकासंग सम्वन्धित रहेकोले स्थानीय वासिन्दाबाट लागत सहभगिता उठ्न नसक्ने भएको हुँदा टहरो निर्माण गर्न लगत इस्टिमेट तयार गरि लगत इस्टिमेट अनुसारको रकमबाट उपभोक्ता समिति मार्फत गोठ निर्माण गर्ने ।

**निर्णय नं. ४:**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार तपशिलका योजनाहरु चालु बर्षमा निर्माण कार्य सम्पन्न हुने नदेखिएकोले बहुबर्षीय योजनामा परिवर्तन गर्ने।

तपशिलः

१. नेपाल आर्मी व्यारेक देखि ट्राफिक चोक फुटपाथ सहित सडक पिच
२. नेपाल आर्मी व्यारेक देखि गुलरिया पार्क सडक पिच
३. नेपाल बैंक देखि अदालत हुँदै जिल्ला प्रशासन कार्यालय फुटपाथ सहितसडक पिच
४. सडक विभाग दक्षिण देखि पनौरा लख्वारे चोक सम्म सडक पिच

**निर्णय नं. ५:**

नेपाल उर्जा विकास कम्पनी (प्रा .) लि. को च.नं.२२/०७६/०७७ , मिति २०७६/६/२८ को कार्य प्रगति सहितको प्राप्त पत्रानुसार घोराही उपमहानगरपालिका वडा नं . १६ स्थित ल्यान्डफिल साइटमा waste to energy (फोहरबाट उर्जा) कार्यक्रम अन्तर्गत बायो ग्यास प्लाष्ट निर्माण गर्न घोराही उपमहानगर पालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल उर्जा विकास कम्पनी वीच२०७५/०८/०३ गते १ वर्ष भित्र (२०७६/०८ /०२) निर्माण गर्न त्रिपक्षीय सम्झौता भएको तर परियोजना स्थलमा रुख/बुट्यान कटानका लागि टेन्डर प्रक्रियामा ढिला भएकोले समय अवधिमा निर्माण कार्य सम्पन्न नभएको हुँदा उक्त बायो ग्यास प्लाष्टको निर्माण कार्य अवधि २०७६ साल चैत मसान्त (२०७६/१२/३०)सम्म म्याद थप गर्ने।

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिका वडा नं. ८ को च.नं.२२० मिति २०७६/५ /२४ को पत्रानुसार वडा नं. ८ सौरी कुलामा आएको बाढीले उत्तर डबरा को थेङग्रवा बाध जाली सहित बगाएको हुँदा प्राविधिक लगत इस्टिमेट अनुसारको रकम रु १२३ ६९६|०० (अक्षरुपि एक लाख तेइस हजार छ सय छेयानब्बे रुपिया मात्र ) भैपरी पुँजीगत शिर्षकबाटभुक्तानी गर्ने गरी निर्माण गर्ने ।

**निर्णय नं. ७ :**

घोराही उपमहानगरपालिकाबाट गत आ .व. २०७५/२०७६ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरि राखेका लाभग्राहीहरुको प्राविधिक कारणले MIS प्रणालीमा दर्ता नविकरण छुट भएको हुँदा चालु आ.व. २०७६/२०७७ को प्रथम चौमासिक को विवरण मा उहाँ हरुको नाम समावेश नभएको ले लाभग्राहीहरुको गत आ .व.मा गर्नुपर्ने नविकरण गर्न तथा यस आ .व. का लागि FORWARD FEED निकालिएको व्याच फाइलहरु हटाई नविकरण गरिएको लाभग्राही हरुको विवरण सहित को नयाँ व्याच फाइल प्रदान गर्ने व्यवस्था मिलाइदिन को लागि राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

घोराही उपमहानगरपालिका पशु सेवा शाखाको नर्म्स निर्देशिका र उद्देश्य मा रही पशुपालन पेशालाई व्यवस्थित मर्यादित र व्यवसाय मा उन्मुख गराउने उद्देश्य ले गठन गरिएका समूह/समितिहरु पशु सेवा शाखाबाट निरिक्षण अनुगमन गर्दा उचित र उद्देश्य अनुसार गठन भएको देखिएमा उक्त गठित समूह/समितिको अभिलेखीकरण एवं दर्ता प्रक्रिया पशु सेवा शाखाबाट गर्ने ।